# टीकापुर नगरपालिकाका

## टीकापुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

स्विकृत मिति : २०७५/०३/२५

<u>प्रस्तावना:</u>नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम टीकापुर नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> :(१) यो ऐनको नाम टीकापुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन टीकापुर नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. <u>परिभाषा</u> : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले टीकापुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले टीकापुर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले टीकापुर नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(a) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **<u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी  निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त टीकापुर नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:</u>**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही टीकापुर नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।